# नेपाल वायुसेवा निगम
## मानव संशाधन विभागको सूचना
### सूचना प्रकाशित मिति: २०८०/०३/३१

निगमको उड्डयन सेवा, क्याबिन क्रु समूहतर्फ करार सेवाको विमान परिचारिका पद, तह ५ मा २०८० साल जेष्ठ मसान्तसम्म रिक्त रहेका दरबन्दीमा निगमका कर्मचारीहरुको सेवा, शर्त सम्बन्धी विनियमावली, २०५८ को विनियम २४(क)(१०) बमोजिम करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ । देहाय बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुले निगमको अनलाईन दरखास्त प्रणाली vacancy.nepalairlines.com.np मार्फत् आवश्यक विवरण भरी उक्त प्रणालीमा रहेको Connect IPS वा Khalti भुक्तानी प्रणालीमार्फत् सम्बन्धित पदका लागि तोकिए बमोजिमको दरखास्त दस्तुर भुक्तानी गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र पेश गरी सक्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । समय नाघी आएका र रीतपूर्वक प्राप्त नभएका दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

**विज्ञापन नं.: करार ०१/०७९/८०**
**सेवा/समूह :** उड्डयन/ क्याबिन क्रु
**पद :** विमान परिचारिका (Airhostess)
**तह :** ५
**माग पद संख्या :** ३०

**आवश्यक योग्यता :**
**न्यूनतम शैक्षिक योग्यता** :
(क) नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण
(ख) **उमेर हद** : दरखास्त दिने अन्तिम म्याद सम्म १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको ।
(ग) **उचाई** : कम्तिमा ५ फिट २ ईन्च उचाई भएको
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
(ङ) निगमबाट तोकिएको युनिफर्म लगाउँदा देखिने ठाउँमा टाटु नभएको ।
(च) कुनै प्रकारको अशक्तता/अपाङ्गता नभएको ।

**छनौटको आधार :**
(क) व्यक्तित्व परीक्षण
(ख) लिखित परीक्षा
(ग) शारीरिक र स्वास्थ्य परीक्षण
(घ) अन्तरवार्ता
**परीक्षा दस्तुर :** रु. १०००/- (रु. एक हजार मात्र)

**दरखास्त दिने अन्तिम मिति :** २०८०।०४।१४, दोब्बर दस्तुर तिरी मिति २०८०।०४।२१ गते सम्म दरखास्त बुझाउन सकिनेछ । अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिनसम्म दरखास्त बुझाउन सकिनेछ ।

**करार सेवामा नियुक्तिको आधार :**

नियुक्तिको उपर्युक्त प्रक्रिया पूरा गरी अन्तिम सिफारिस गरिएका प्रशिक्षार्थी विमान परिचारिकाहरुले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट क्रु मेम्बर प्रमाणपत्र प्राप्त गरेपछि निगमको विमान परिचारिकाका पदमा शुरुमा ५ वर्षको करार सम्झौता गरिनेछ । नेपाल नागरिक उड्डयन प्राधिकरणबाट इजाजत प्राप्त नगर्नेहरुलाई निगममा नियुक्त गरिने छैन ।

मानव संशाधन विभाग